# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२।८३
चलानी नं. :

मिति: २०८२।१२।२०

**सूचना !** **सूचना !!** **सूचना !!!**

**विषय: वैदेशिक रोजगार सन्तती छात्रवृतिका लागि निवेदन दिने म्याद थप गरिएको सूचना ।**

श्री वडा कार्यालय सबै,
तिरहुत गा.पा., गोइठी सप्तरी ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको वैदेशिक विभागबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोष (वैदेशिक रोजगार बोर्डको सचिवालय) बाट शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका बालबालिकालाई यस सचिवालय मार्फत प्रदान गरिने छात्रवृतिका लागि बोर्डको सूचना बमोजिम आवश्यक कागजात सहित वैदेशिक रोजगार सन्तति छात्रवृति सञ्चालन कार्यविधि, २०८० को अनुसूची २ बमोजिमको ढांचामा सिफारिस संलग्न गरी चैत्र मसान्त भित्र यस गाउंपालिकाको रोजगार सेवा केन्द्रमा पेश गर्नु हुन सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु:
१. संरक्षक व्यक्तिको निवेदन र संरक्षक व्यक्तिको ना.प्र.प.को प्रतिलिपि
२. श्रमिकको राहदानीको प्रतिलिपि वा राहदानी खुल्ने कागजात
३. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस पत्र (अनुसूची २)
४. अध्ययन विद्यार्थीको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि
५. कामदारको मृत्युदर्ताको प्रमाण पत्र र श्रमिकको अंगभंग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि
६. कामदार, अभिभावक र विद्यार्थीको नाता खुल्ने प्रमाणित प्रमाणपत्रको प्रतिलिपि
७. संरक्षकको चालु बैंक खाता खुल्ने कागजात (चेकबुक)को प्रतिलिपि)
८. सम्बन्धित स्थानीय तहको सिफारिश प्रतिलिपी
९. करार अवधिभित्रै अंगभंग वा गम्भीर विरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात

बोधार्थ:
श्री शिक्षा, युवा तथा खेलकूद शाखा, तिरहुत गा.पा. गोईठी सप्तरी ।
श्री सूचना प्रविधि शाखा, तिरहुत गा.पा., गोईठी सप्तरी: सूचना अपलोड गरिदिनु हुन ।

२०८२/१२/२०

दिनेश कुमार माझी
नि. प्रमुख प्रशासकीय अधिकृत

**नि. प्रमुख प्रशासकीय अधिकृत**

CamScanner